# उच्च अदालत पाटन

ललितपुर

राजश्व/बाणिज्य/वाणिज्य अन्य

५-५२७८१७
५-५२७६६९
५-५२७८९१
५-५२७८९२
५-५१११०३

Mail:rajaswo.hcpatan@supremecourt.gov.np

प.सं.:-०८१/८२ मुद्दा नं:०८१-CB-००४० मिति:२०८१।११।२७

च.नं.:- ११५०

बिषयः आदेशको जानकारी सम्बन्धमा।

श्री विशाल बजार कम्पनी लि,
शुक्रपथ,काठमाण्डौ।

उपर्युक्त सम्बन्धमा निवेदक किशोर लोहिया समेत र प्रतिवादी विशाल बजार कम्पनी लि.समेत भएको उपयुक्त आदेश जारी गरी पाउँ मुद्दामा यस अदालतबाट मिति २०८१।११।२६ गते भएको आदेशको प्रमाणित प्रतिलिपी यसै पत्र साथ राखी पठाईएको छ।त्यहाँ कम्पनीबाट प्रकाशित मिति २०८१।१०।२९ को सुचना वमोजिमको कार्य कार्यान्वयन नगर्नु,यथास्थितिमा राख्नु हुन आदेशानुसार अनुरोध गरिन्छ।

०८१।११।२६

शाखा अधिकृत

बोधार्थः-

श्री कम्पनी रजिस्ट्रारको कार्यालय,त्रिपुरेश्वर काठमाण्डौः - जानकारीको लागी

श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं.:-६

माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङ्ग

माननीय न्यायाधीश श्री ऋषि राजभण्डारी

आदेश

रिट नं.:-०८१-CB-००४०

विशाल बजार कम्पनी लि.को शेयरधनी सुनिल कुमार शाक्य समेत ११ ------------निवेदक

विरुद्ध

विशाल बजार कम्पनी लि. समेत ४----------------------------------------------विपक्षी

विषयः- उपयुक्त आदेश जारी गरी पाउँ।

प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा, श्री सतिष कृष्ण खरेल र विद्वान अधिवक्ताहरु श्री युवराज बन्जाडे र दिपेन्द्र झाले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत खुलाई बाटाका म्याद बाहेक १५ दिन भित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ लिई यस अदालतमा उपस्थित हुनु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नुहोला।

साथै निवेदकले अन्तरिम प्रकृतिको आदेश समेतको माग गरेको सम्बन्धमा बिचार गर्दा, विपक्षी बिशाल बजार कम्पनी लिमिटेडद्वारा मिति २०८१/१०/२९ मा राष्ट्रिय गोरखापत्र दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दै बिशाल बजार कम्पनी लिमिटेडको बार्षिक साधारण सभा मिति २०८१/१०/२९ मा सम्पन्न गर्ने भनी भएको निर्णय एवं प्रकाशित सूचना कानूनको विपरित एवं हामी शेयर धनीहरुको हित विपरित भएकोले प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्मका लागि उक्त मिति २०८१/१०/२९ को सूचना बमोजिमको कार्य

कार्यान्वयन नगरी यथास्थितिमा राखी पाऊँ भनी निवेदन दिएको देखियो। उक्त कम्पनीको शेयरधनीहरुको लगानीको मुल्यांकन नगरी निजहरुलाई अलग राखी  कम्पनीको साधारण सभा सञ्चालन गर्दा निवेदकहरुको हक हितमा प्रतिकूल असर पर्न सक्ने सम्भावना रहेको तथा सुविधा सन्तुलनको सिद्वान्त समेतलाई मध्येनजर गर्दा निवेदकहरुको मागदाबी सम्बोधन गर्न कम्पनी ऐन, २०६३ को दफा १३९ (४) समेतको अनुकुल हुने नैं भएको हुँदा प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म विपक्षी बिशाल बजार कम्पनीद्धारा प्रकाशित मिति २०८१/१०/२९ को सूचना बमोजिमको कार्य कार्यान्वयन नगर्नु, यथास्थितिमा राख्नु भनी विपक्षीहरुलाई

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०८१ साल फागुन २६ गते रोज २ शुभम् -----------------------------------।

कार्यान्वयन नगरी यथास्थितिमा राखी पाऊँ भनी निवेदन दिएको देखियो। उक्त कम्पनीको शेयरधनीहरुको लगानीको मुल्यांकन नगरी निजहरुलाई अलग राखी  कम्पनीको साधारण सभा सञ्चालन गर्दा निवेदकहरुको हक हितमा प्रतिकूल असर पर्न सक्ने सम्भावना रहेको तथा सुविधा सन्तुलनको सिद्धान्त समेतलाई मध्येनजर गर्दा निवेदकहरुको मागदावी सम्बोधन गर्न कम्पनी ऐन, २०६३ को दफा १३९ (४) समेतको अनुकुल हुने नै भएको हुँदा प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म विपक्षी बिशाल बजार कम्पनीद्वारा प्रकाशित मिति २०८१/१०/२९ को सूचना बमोजिमको कार्य कार्यान्वयन नगर्नु, यथास्थितिमा राख्नु भनी विपक्षीहरुलाई

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०८१ साल फागुन २६ गते रोज २ शुभम् ---------------------------------।